# प्रदेश राजपत्र

गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०५) पोखरा, असार ३१ गते, २०७९ साल (अतिरिक्ताङ्क ९

## भाग १

गण्डकी प्रदेश सरकार

### कानून, सञ्चार तथा प्रदेश सभा मामिला मन्त्रालयको सूचना

नेपालको संविधान बमोजिम प्रदेश सभाले बनाएको देहाय बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

संवत् २०७९ सालको ऐन नं. ०६

**प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन**

**प्रस्तावनाः** प्रदेश सरकारको आर्थिक वर्ष २०७९/०८० को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न राजस्व सङ्कलन गर्ने, कर घटाउने, कर बढाउने र कर छुट दिने सम्बन्धी प्रचलित कानूनलाई संशोधन गर्न वाञ्छनीय भएकाले,

गण्डकी प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७९" रहेको छ।

(२) यो ऐनको दफा २, ७ र ९ तुरुन्त प्रारम्भ हुनेछन् र अन्य दफाहरु सम्वत् २०७९ साल साउन १ गतेदेखि प्रारम्भ हुनेछन्।

२. **घरजग्गा रजिष्ट्रेशन शुल्क:** (१) प्रदेशभित्र घरजग्गा लगायतको रजिष्ट्रेशन गर्दा अनुसूची-१ बमोजिम घरजग्गा लगायतको रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र रोक्का दस्तुर लगाइनेछ।

(२) उपदफा (१) बमोजिम घर जग्गा लगायत रजिष्ट्रेशन शुल्कको सङ्कलन गर्ने कार्य सम्बन्धित गाउँपालिका वा नगरपालिकाले गर्नेछ।

तर, सम्बन्धित गाउँपालिका वा नगरपालिकाबाट घरजग्गा लगायतको रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र रोक्का दस्तुर उठाउने कार्यको व्यवस्थापन नभएसम्मका लागि मालपोत कार्यालयले उक्त शुल्कहरू सङ्कलन गरी बाँडफाँट गर्नेछन्।

३. **सवारी साधन कर:** (१) प्रदेशभित्र अनुसूची- २(क) बमोजिम सवारी साधन कर लगाइनेछ।

(२) उपदफा (१) मा उल्लेखित कर बाहेक अनुसूची- २(ख) बमोजिम सवारी दर्ता र सरुवा दस्तुर, सवारीको अस्थायी दर्ता दस्तुर, सवारी साधन दर्ता प्रमाण पत्र नवीकरण दस्तुर, सवारी जाँचपास प्रमाण पत्र दस्तुर, विदेशमा दर्ता भएका सवारी चलाउने अनुमति दस्तुर, सवारीको नामसारी तथा सनाखत दस्तुर, यातायात सेवाको नाम पञ्जीकरण दस्तुर, यातायात प्रशिक्षण केन्द्र दर्ता र नवीकरण दस्तुर, कारखाना तथा वर्कसप, शोरुम तथा रिकन्डिसन हाउस सञ्चालन अनुमति तथा नवीकरण दस्तुर, सवारी चालक आवेदन दस्तुर, सवारी चालक अनुमति पत्र दस्तुर, पुन प्रयोगात्मक परीक्षा दस्तुर, लिखित तथा प्रयोगात्मक परीक्षाको पुनर्योग दस्तुर, सवारी चालक अनुमति पत्र नवीकरण दस्तुर, यातायात सेवा सञ्चालन गर्ने अनुमति पत्रको नवीकरण दस्तुर, बाटो इजाजत पत्र दस्तुर तथा आवेदन शुल्क लगाइनेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्सा (ई—रिक्सा) मा गाउँपालिका वा नगरपालिकाले सवारी साधन कर लगाउनेछ।

(४) उपदफा (१) र (२) बमोजिमको कर, दस्तुर तथा शुल्कको प्रशासन प्रदेश सरकारबाट हुनेछ। उपदफा (१) बमोजिम सङ्कलित रकममध्ये साठी प्रतिशत प्रदेश सञ्चित कोषमा र चालिस प्रतिशत स्थानीय सञ्चित कोषमा जम्मा हुनेगरी बाँडफाँट गर्नुपर्नेछ ।

४. **मनोरञ्जन करः** (१) प्रदेशभित्र सञ्चालित चलचित्र घर, व्यापारिक तथा व्यवसायिक प्रकृतिका मेला-महोत्सव, सांस्कृतिक कार्यक्रम, प्रदर्शनी, डान्स बार र कन्सर्ट जस्ता मनोरञ्जनका क्षेत्रमा अनुसूची-३ बमोजिम मनोरञ्जन कर लगाइनेछ।

(२) उपदफा (१) बमोजिमको करको प्रशासन र बाँडफाँट गाउँपालिका वा नगरपालिकाले प्रदेश कानून बमोजिम गर्नेछ।

५. **विज्ञापन करः** प्रदेशभित्र विज्ञापन सामग्री राखे बापत विज्ञापन कर सम्बन्धित गाउँपालिका वा नगरपालिकाले स्थानीय तहको कानून बमोजिम असूल गरी प्रदेश कानून बमोजिम बाँडफाँट गर्नेछ।

६. **कृषि आयमा करः** (१) प्रदेशभित्र उत्पादित कृषि उपजको बिक्रीबाट प्राप्त हुने आयमा अनुसूची-४ बमोजिम कर लगाइनेछ।

(२) उपदफा (१) बमोजिमको करको प्रशासन प्रदेश सरकारबाट हुनेछ।

(३) उपदफा (१) बमोजिमको कर भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय अन्तरगतको कृषि ज्ञान केन्द्रले सङ्कलन गरी प्रदेश सञ्चित कोषमा दाखिल गर्नेछ।

७. **पर्यटन शुल्कः** (१) नेपाल सरकारबाट हस्तान्तरण भई आएका र प्रदेश सरकारले निर्माण गरेका पर्यटन स्थल, पर्यटकीय पदमार्ग, तालतलैया, गुफा, धार्मिक स्थल तथा प्रदेश भित्रका पुरातात्विक, ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक स्थल, संग्रहालय, पार्क, रक क्लाइम्बिङ, बन्जी जम्पिङ, र्‍याफ्टिङ, क्यानोनिङ, जीप फ्लाएर, अल्ट्रालाइट, प्यारा ग्लाइडिङ, केबुलकार, पिकनिक स्थल, भ्यू टावर, पर्यटकीय होटल तथा रेष्टुरा, ट्रेकिङ्ग तथा ट्राभल एजेन्सी, क्यूरियो तथा पर्यटकीय सामग्री बिक्री वितरण गर्ने व्यवसाय जस्ता पर्यटकीय स्थल, पर्यटन व्यवसाय र पर्यटकीय क्रियाकलापमा अनुसूची-५ बमोजिम पर्यटन शुल्क लगाइनेछ।

(२) उपदफा (१) बमोजिमको पर्यटन शुल्कको प्रशासन प्रदेश सरकारबाट हुनेछ।

(३) उपदफा (१) बमोजिमको शुल्क पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गतको पर्यटन कार्यालयले र पर्यटन कार्यालय नभएका जिल्लामा घरेलु तथा साना उद्योग कार्यालयले सङ्कलन गरी प्रदेश सञ्चित कोषमा दाखिल गर्नेछ।

८. **प्राकृतिक स्रोत शुल्क:** (१) प्रदेश अन्तर्गतका वनक्षेत्र तथा निजी जग्गामा रहेका रोडा, गेग्रान, स्लेट ढुङ्गा, चट्टान ढुङ्गा, गिटी ढुङ्गा, कटिङ्ग ढुङ्गा, चिप्स, इट्टा पार्ने माटो, अन्य साधारण माटो, बालुवा, चुनढुङ्गा, नदी तथा खोलाले बगाएर ल्याएको काठ, कुकाठ र दाउरा-जराजुरी लगायतका दहत्तर-बहत्तर जस्ता खानीजन्य पदार्थको उत्खनन र सङ्कलनमा अनुसूची-६ बमोजिम शुल्क लगाइनेछ।

"दहत्तर, बहत्तर भन्नाले" नदी खोल्सा खोल्सी, वन क्षेत्र वा सार्वजनिक वा निजी जग्गाबाट उत्खनन वा सङ्कलन गरिने बहुमूल्य पत्थर, ऐतिहासिक र साँस्कृतिक महत्त्वका शालिग्राम, शीला र अति मूल्यवान वस्तु बाहेकका नदीले बगाई ल्याएको वा थिग्रिएको ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, काठ, कुकाठ, दाउरा, जराजुरी जस्ता नदीजन्य तथा खानीजन्य प्राकृतिक स्रोतलाई सम्झनु पर्छ।

(२) उपदफा (१) बाहेकका प्रदेश अन्तर्गतका रोडा, गेग्रान, स्लेट ढुङ्गा, चट्टान ढुङ्गा, गिटी ढुङ्गा, कटिङ्ग ढुङ्गा, चिप्स, इट्टा पार्ने माटो, अन्य साधारण माटो, बालुवा, चुनढुङ्गा, नदी तथा खोलाले बगाएर ल्याएको काठ, कुकाठ र दाउरा-जराजुरी जस्ता दहत्तर-बहत्तरका साथै खानी तथा नदीजन्य पदार्थ उत्खनन र सङ्कलनमा अनुसूची-६ बमोजिम शुल्क लगाइनेछ।

(३) उपदफा (१) बमोजिमको शुल्क वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय अन्तर्गतका डिभिजन वन कार्यालयले सङ्कलन गरी प्रदेश संञ्चित कोषमा दाखिल गर्नुपर्नेछ।

(४) उपदफा (२) बमोजिमको शुल्क स्थानीय तहले आफ्नो क्षेत्रभित्र प्रारम्भिक वातावरणीय परीक्षण र प्रभाव मूल्याङ्कन अनुसार तोकिएको परिमाण बिक्रीबाट सङ्कलित कुल राजस्व रकमको ६० प्रतिशत स्थानीय सञ्चित कोषमा र ४० प्रतिशत रकम प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्नेछ।

(५) उपदफा (४) बमोजिम सङ्कलित रकम त्रैमासिक रुपमा बाँडफाँट गरी सो को प्रतिवेदन पन्ध्र दिनभित्र प्रदेश सरकार, अर्थ मन्त्रालय समक्ष पेश गर्नुपर्नेछ।

९. **अन्य राजस्वः** सम्बन्धित प्रदेश कानून तर्जुमा नहुँदासम्म प्रदेश सरकारका मन्त्रालय वा निकायले प्रदान गर्ने सेवा बापत प्रदेश सरकार, अर्थ मन्त्रालयको पूर्व सहमति लिई सेवाको प्रकृति अनुसार कार्यविधि बनाई सेवा शुल्क लगाउन सक्नेछ। यसरी सङ्कलित सेवा शुल्क सम्बन्धित मन्त्रालय वा निकायले प्रदेश सञ्चित कोषमा दाखिल गर्नुपर्नेछ।

१०. **दर घटाउन, बढाउन वा छुट दिन सक्नेः** (१) प्रदेश सरकारले आवश्यकता अनुसार यो ऐन र अन्य प्रचलित कानून बमोजिम लगाइएका कर, दस्तुर, महशुल र शुल्कको दर घटाउन, बढाउन वा त्यस्तो कर, दस्तुर, महशुल र शुल्क आंशिक रूपमा छुट दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम कर, दस्तुर, महशुल र शुल्कको दर बढाइएको, घटाइएको वा कुनै कर, दस्तुर, महशुल र शुल्कको दर आंशिक रूपमा छुट दिइएको विवरण प्रत्येक वर्ष प्रदेश सरकार, अर्थ मन्त्रालयले प्रदेश सभामा पेश गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम कर, दस्तुर, महशुल र शुल्कको दर बढाइएको, घटाइएको वा छुट दिइएको सूचना प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिम दिइएको छुट सुविधाको कसैले दुरूपयोग गरेमा वा कुनै खास प्रयोजनको लागि छुट सुविधामा प्राप्त गरेको मालवस्तु वा सेवा अन्य प्रयोजनमा प्रयोग गरेमा त्यसरी छुट दिइएको कर, दस्तुर, महशुल र शुल्कको रकम असूल गरी सो बराबरको रकम जरिबाना गरिनेछ।

११. **प्रक्रिया सरलीकरण वा बाधा अड्काउ फुकुवा गर्न सक्नेः** (१) प्रचलित कर सम्बन्धी कानून तथा यस ऐनको कार्यान्वयनको क्रममा सार्वजनिक शान्ति र सुव्यवस्थामा गम्भीर खलल पुगेमा वा सार्वजनिक आवागमनमा अवरोध भएमा वा विपद्को कारणले उल्लिखित कानूनले प्रदान गरेको कुनै सुविधा उपभोग गर्न नपाउने अवस्था सिर्जना भएमा, कुनै जटिलता देखिएमा वा उल्लिखित कानून तथा यस ऐनको कार्यान्वयनमा कुनै बाधा अड्काउ पर्न गएमा प्रदेश सरकार, अर्थ मन्त्रालयले आवश्यकता अनुसार अवधि थप गर्न, प्रक्रिया सरलीकरण गर्न वा कार्यान्वयनमा देखिएको बाधा अड्काउ फुकुवा गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम बाधा अड्काउ फुकुवा गरेको सूचना प्रदेश राजपत्रमा प्रकाशन गर्नुपर्नेछ।

१२. **प्रचलित कानूनको व्यवस्था कायम रहने:** (१) यस ऐनमा व्यवस्था भए बाहेकका विषयमा प्रचलित कानून बमोजिम विभिन्न निकायबाट सेवा प्रदान गर्दा उठाइएका कर, दस्तुर, महशुल र शुल्क अर्को कानूनी व्यवस्था नभएसम्म प्रचलित कानूनमा तोकिएको दर यथावत रुपमा लागु गरिनेछ।

(२) राजस्व दाखिल गर्ने सम्बन्धी अन्य व्यवस्था प्रदेश सरकार, अर्थ मन्त्रालयबाट तोकिए बमोजिम हुनेछ।

**अनुसूची-१**

(दफा २ सँग सम्बन्धित)

**घर जग्गा लगायतको रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र घरजग्गा रोक्का शुल्क**

**क. घर जग्गा लगायतका रजिष्ट्रेशन शुल्क र घरजग्गा रोक्का शुल्क**

| क्र.सं. | लिखतको प्रकार | रजिष्ट्रेशन शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | |
|---|---|---|---|---|
| | | महानगर/ उप-महानगरपालिका | नगरपालिका | गाउँपालिका |
| १. | राजीनामा, सट्टापट्टा, र सगोलनामा र छोडपत्रको लिखतः | | | |
| | (क) राजीनामा, सट्टापट्टा र सगोलनामा (हस्तान्तरण गरिने जग्गाको थैली अङ्कमा मात्र) | ५% | ४% | २% |
| | (ख) सामुहिक आवास योजना अन्तर्गत निर्मित भवन आवास इकाईको मूल्यलाई न्यूनतम थैली अङ्कमा (प्रत्येक आर्थिक वर्ष स्थानीय तहले किटानी गर्ने प्रति वर्ग फिटको न्यूनतम मूल्यलाई न्यूनतम थैली अङ्क कायम गर्ने)। | ४% | २% | १% |
| | (ग) सामुहिक आवास योजना अन्तर्गत निर्मित भवन सहितको घर जग्गाको लिखतको थैली अङ्कमा | ५% | ४% | २% |

| क्र.सं. | लिखतको प्रकार | रजिष्ट्रेशन शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | |
|---|---|---|---|---|
| | | महानगर/ उप-महानगरपालिका | नगरपालिका | गाउँपालिका |
| | (घ) छोडपत्र (आफ्नो हक हिस्सा बराबरको थैली अङ्कमा) | | | |
| | तीन पुस्ता भित्रको | बकसपत्र सरह | बकसपत्र सरह | बकसपत्र सरह |
| | तीन पुस्ता बाहिरको | ५% | ४.५% | ३% |
| २. | <u>**दर्ताफारी:**</u> दुई वा दुई जना भन्दा बढी संयुक्त दर्तावालाहरूका नाममा संयुक्त दर्ता कायम भएको जग्गा दर्ताफारी गर्दा हक हस्तान्तरण हुने भाग हिस्साको मात्र राजस्व लाग्नेछ तर अन्तिम पटक दर्ताफारी गर्दा बाँकी रहेको पुरै जग्गाको राजस्व लाग्नेछ। पैतृक सम्पत्तिको हकमा नामसारी भै आएको आएको अवस्थामा हकवालाहरुले एकैपटकमा तोकिएको राजस्व तिरी दर्ताफारी गरी आ- आफ्नो हकहिस्सा लिन पाउनेछ। | ३% | २% | १.५% |

| क्र.सं. | लिखतको प्रकार | रजिष्ट्रेशन शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | |
|---|---|---|---|---|
| | | महानगर/ उप-महानगरपालिका | नगरपालिका | गाउँपालिका |
| ३. | (क) हालै देखिको बकसपत्रको लिखतको थैली अङ्कमा-<br><br>आमा, बाबु, आमा र बाबु दुवैपट्टिका हजुरबुवा, हजुरआमा, पति, पत्नी, दाजु, भाउजू, भाइ, भाइबुहारी, दिदी, बहिनी, छोरा, छोराबुहारी, छोरी, जेठाजु, जेठानी, देवर, देउरानी, भतिजा, भतिजी, दुवैपट्टिका नाति र नातिनी, नातिनीबुहारी, काका, काकी, बाबुतर्फका ठूलोबुवा र ठूलीआमा, आमाजु, नन्द, सौता-सौता र एकै दाजु भाइको छोरा, छोरी, अविवाहित फुपु, भतिजा, भतिजीबीच। | | | |
| | (अ) रू.१ लाखसम्मको थैली अङ्कमा | १.५% | १% | ०.५% |
| | (आ) रू.१ लाखभन्दा माथि रू ५ लाखसम्मको थैली अङ्कमा | २.५% | २% | १% |
| | (इ) रू. ५ लाखभन्दा माथि जतिसुकै थैली अङ्कमा | ३% | २.५% | १.५% |

| क्र.सं. | लिखतको प्रकार | रजिष्ट्रेशन शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | |
|---|---|---|---|---|
| | | महानगर/ उप-महानगरपालिका | नगरपालिका | गाउँपालिका |
| | (ख) अन्य बकसपत्र र दानपत्रको थैली अङ्कमा<br><br>**<u>स्पष्टताः</u>**<br>सरकारी विश्वविद्यालय, सरकारी क्याम्पस/कलेज, सामुदायिक विद्यालय, सामुदायिक अस्पताल, नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहका कार्यालय, तीन तहकै सरकारको नाममा प्राप्त हुने जुनसुकै प्रकारको लिखतमा कुनै शुल्क लाग्ने छैन। | १५% | १५% | १०% |
| ४. | **<u>अंशवण्डा तथा अंश भर्पाईको लिखत</u>**<br><br>अंशवण्डा तथा अंश भर्पाईको लिखतमा | | | |
| | (क) रू.१० लाखसम्मको थैली अङ्कमा | ०.२% | ०.२% | ०.२% |
| | (ख) रू. १० लाखदेखि रु.३० लाखसम्मको थैली अङ्कमा | ०.५% | ०.५% | ०.५% |
| | (ग) रू.३० लाख भन्दा वढी रू.२ करोड सम्मको थैली अङ्कमा | ०.७५% | ०.७५% | ०.७५% |

| क्र.सं. | लिखतको प्रकार | रजिष्ट्रेशन शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | |
|---|---|---|---|---|
| | | महानगर/ उप-महानगरपालिका | नगरपालिका | गाउँपालिका |
| | (घ) रू.२ करोड भन्दा बढी ५ करोड सम्मको थैली अङ्कमा | १% | १% | १% |
| | (ङ) रू.५ करोड भन्दा बढीको थैली अङ्कमा | १.५% | १.५% | १.५% |
| ५. | **<u>मानो छुट्टिएको र मानो जोडिएको लिखत</u>** | | | |
| | (क) मानो छुट्टिएको प्रति लिखत | रू.१५,०००/- | रू.१०,०००/- | रू.५,०००/- |
| | (ख) मानो जोडिएको प्रति लिखत | रू.३०,०००/- | रू.२०,०००/- | रू.१०,०००/- |
| ६. | **<u>शेषपछिको बकसपत्रको लिखत</u>**<br><br>शेषपछिको बकसपत्र/ अष्टलोहको प्रति लिखत | | | |
| | (क) तीन पुस्ताभित्रको | रू.१०,०००/- | रू.७,०००/- | रू.४,०००/ |
| | (ख) तीन पुस्ताबाहिरको | रू.१५,०००/- | रू.१२,०००/- | रू.७,०००/- |
| ७. | **<u>बन्धकीको लिखत</u>** | १% | १% | १% |

| क्र.सं. | लिखतको प्रकार | रजिष्ट्रेशन शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | |
|---|---|---|---|---|
| | | महानगर/ उप-महानगरपालिका | नगरपालिका | गाउँपालिका |
| | दृष्टिबन्धकी, भोगबन्धकी र लखबन्धकीको लिखतको थैली अङ्कमा | | | |
| ८. | **अधिकारनामा, मञ्जुरीनामा, अख्तियारनामा र इच्छापत्रको लिखत**<br>अधिकारनामा, मञ्जुरीनामा ,अख्तियारनामा र इच्छापत्रको लिखत | रू.५,०००/- | रू.४,०००/- | रू.३,०००/- |
| ९. | **कपाली तमसुक र करारनामाको लिखत**<br>दाखिल खारेज नहुने कपाली तमसुक र करारनामाको प्रति लिखत | १% | १% | १% |
| १०. | **गुठी स्थापना (गुठी दर्ता) लिखत**<br>गुठी स्थापना (गुठी दर्ता) लिखत | रू.३,०००/- | रू.२,०००/- | रू.१,०००/- |
| ११. | **घरबहाल लिखत**<br>घरबहाल लिखत बापत पहिलो महिनाको बहाल रकमको | ५% | ४% | २% |
| १२. | **फलोपभोग लिखत** | | | |

| क्र.सं. | लिखतको प्रकार | रजिष्ट्रेशन शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | |
|---|---|---|---|---|
| | | महानगर/ उप-महानगरपालिका | नगरपालिका | गाउँपालिका |
| | फलोपभोग (युजफ्रुक्टी) | रू.१,०००/- | रू.७००/- | रू.५००/- |
| १३. | **शेषपछिको बकसपत्र लिखत** | | | |
| | (क) शेषपछिको बकसपत्र शर्त संशोधन गर्दा | रू.२,०००/- | रू.१,०००/- | रू.५००/- |
| | (ख) शेषपछिको बकसपत्र लिखत बदर वा रद्ध गर्दा | रू.५,०००/- | रू.३,०००/- | रू.२,०००/- |
| १४. | **अन्य लिखत** | | | |
| | (क) रकम खुलेकोमा | ४ % | ३ % | २ % |
| | (ख) रकम नखुलेकोमा | रू.१०,०००/- | रू.७,०००/- | रू.५,०००/- |

**१५. बेजिल्ला/बेइलाका पारित सम्बन्धी व्यवस्था:**

(१) राजीनामा, सट्टापट्टा, सँगोलनामा, छोडपत्र, दर्ताफारी, हालैको बकसपत्र, मानो जोडिएको, मानो छुट्टिएको, शेषपछिको बकस पत्र, अष्टलोह, बन्धकीको लिखत, कपाली तमसुक र करारनामाको बेजिल्ला बेइलाका लिखत पारित गर्दा अनुसूची-१ मा तोकिए बमोजिमको रजिष्ट्रेशन दस्तुर सम्बन्धित जग्गा भएको मालपोत कार्यालयको खातामा जम्मा गर्नुपर्नेछ। यसका अतिरिक्त बेजिल्ला बेइलाका दस्तुर प्रदेश भित्र भए थैली अङ्कमा थप तीन प्रतिशत र प्रदेश बाहिर भए

थैली अङ्कमा थप पाँच प्रतिशतका दरले लिखत पारित गर्ने मालपोत कार्यालयले प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्नेछ ।

(२) अंशवण्डा तथा अंश भर्पाइको बेजिल्ला बेइलाका लिखत पारित गर्दा अनुसूची-१ बमोजिमको दस्तुर सम्बन्धित जग्गा भएको मालपोत कार्यालयको खातामा जम्मा गर्नुपर्नेछ।

**ख. सेवा शुल्कः**

| क्र.सं. | विवरण | सेवा शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | |
|---|---|---|---|---|
| | | महानगर/ उपमहानगरपालिका | नगरपालिका | गाउँपालिका |
| १. | <u>लिखत रजिष्ट्रेशनको लागि डोर माग गर्ने निवेदनमा डोर शुल्क</u><br>लिखत रजिष्ट्रेशनको लागि डोर माग गर्ने (कारागारमा रहेका कैदीवन्दीको समेत) निवेदनमा डोर शुल्कः | रू.२०,०००/- | रू.१०,०००/- | रू.५,०००/- |
| २. | <u>वित्तीय धितोः</u> नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोबार गर्न स्वीकृति प्राप्त बैंक, वित्तीय तथा सहकारी संस्थाबाट दिने कर्जाको धितोबन्धक वा दृष्टिबन्धक शुल्कको रसिद बैंकको सेवा लिने | | | |

| क.सं. | विवरण | सेवा शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | |
|---|---|---|---|---|
| | | महानगर/ उपमहानगरपालिका | नगरपालिका | गाउँपालिका |
| | सेवाग्राहीको नाममा हुनुपर्ने र लिखतमा देहाय बमोजिम शुल्क लाग्ने र थप धितोको लागि लाग्ने रोक्का शुल्कको सम्बन्धमा थप थैली अङ्क समेत जोडेर कायम हुन आउने थैली अङ्कको लाग्ने सेवा शुल्कमा २५ प्रतिशत रोक्का शुल्क लाग्ने र बचत तथा ऋण सहकारीलाई समेत सोही बराबरको शुल्क लाग्नेछ। | | | |
| | (क) रू.१ लाखसम्मको लिखतको थैली अङ्कमा | रू. १,०००/- | रू. १,०००/- | रू. १,०००/- |
| | (ख) रू.१ लाखभन्दा बढी रू.५ लाखसम्मको थैली अङ्कमा | रू. १,५००/- | रू. १,५००/- | रू. १,५००/- |
| | (ग) रू.५ लाखभन्दा बढी रू.१० लाखसम्मको थैली अङ्कमा | रू. २,५००/- | रू. २,५००/- | रू. २,५००/- |

| क.सं. | विवरण | सेवा शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | |
|---|---|---|---|---|
| | | महानगर/ उपमहानगरपालिका | नगरपालिका | गाउँपालिका |
| | (घ) रू.१० लाखभन्दा बढी रू.२० लाखसम्मको थैली अङ्कमा | रू. ३,०००/- | रू.३,०००/- | रू.३,०००/- |
| | (ङ) रू.२० लाखभन्दा बढी रू.५० लाखसम्मको थैली अङ्कमा | रू.१०,०००/- | रू.१०,०००/- | रू.१०,०००/- |
| | (च) रू. ५० लाखभन्दा बढी रू.१ करोडसम्मको थैली अङ्कमा | रू.३०,०००/- | रू. ३०,०००/- | रू. ३०,०००/- |
| | (छ) रू. १ करोडभन्दा बढी रू.२ करोडसम्मको थैली अङ्कमा | रू. ४०,०००/- | रू. ४०,०००/- | रू. ४०,०००/- |
| | (ज) रू. २ करोडभन्दा बढी रू.५ करोडसम्मको थैली अङ्कमा | रू. ८०,०००/- | रू. ८०,०००/- | रू. ८०,०००/- |
| | (झ) रू. ५ करोडभन्दा बढी रू. १५ करोडसम्मको थैली अङ्कमा | रू.१,५०,०००/- | रू. १,५०,०००/- | रू. १,५०,०००/- |
| | (ञ) रू. १५ करोडभन्दा बढी रू. ३० करोडसम्मको थैली अङ्कमा | रू. १,७५,०००/- | रू. १,७५,०००/- | रू. १,७५,०००/- |

| क्र.सं. | विवरण | सेवा शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | |
|---|---|---|---|---|
| | | महानगर/ उपमहानगरपालिका | नगरपालिका | गाउँपालिका |
| | (ट) रू. ३० करोडभन्दा बढी रू. ५० करोडसम्मको थैली अङ्कमा | रू. २,००,०००/- | रू. २,००,०००/- | रू. २,००,०००/- |
| | (ठ) रू. ५० करोडभन्दा बढी जतिसुकै थैली अङ्कमा | ०.०५% | ०.०५% | ०.०५% |
| ३. | <u>लिज</u><br>सरकारी जग्गा लिजमा उपलव्ध गराउने | सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७१ को अनुसूची-१ अनुसारको शुल्क लाग्नेछ। | | |
| ४. | <u>जग्गा धनी दर्ता श्रेस्ताको प्रतिलिपिको लागि जग्गाधनी (टिकट बाहेक) प्रति पुर्जा</u> | रू.१,०००/- | रू. ५००/- | रू. २००/- |
| | <u>नोटः</u> यो व्यवस्था जुनसुकै प्रयोजनको लागि प्रतिलिपि लिंदा लागु हुनेछ | | | |
| ५. | <u>दाखिल खारेज शुल्क</u><br>(क) करार अनुसार लिखत पारित गर्न ठहऱ्याएको फैसला वा मिलापत्र अनुसारको दाखिल खारेज गर्दा थैली अङ्कको | ५% | ४% | २% |

| क.सं. | विवरण | सेवा शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | |
|---|---|---|---|---|
| | | महानगर/ उपमहानगरपालिका | नगरपालिका | गाउँपालिका |
| | (ख) अंश र अपुतालीको फैसला, मिलापत्र तथा अन्य फैसला र मिलापत्र बमोजिम दाखिल खारेज गर्दा लाग्ने शुल्क थैली अङ्कको (अंशको हकमा अदालतबाट अंश मुद्दामा मिलापत्र तथा फैसला बमोजिम दाखिला खारेज हुँदा लाग्ने शुल्क अंशवण्डा सरह हुने र अन्यको हकमा यथावत हुने।) | ३% | २% | १% |
| | (ग) बैंक तथा वित्तीय संस्था वा सहकारी संस्थाबाट कर्जा प्रवाह गर्दा लिएको धितो लिलाम गर्दा व्यक्तिले सकार गरी बैंक तथा वित्तीय संस्थाको पत्रानुसार व्यक्तिको नाममा दाखिल खारेज गर्दाको थैली अङ्कमा | ५% | ४% | २% |

| क्र.सं. | विवरण | सेवा शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | |
|---|---|---|---|---|
| | | महानगर/ उपमहानगरपालिका | नगरपालिका | गाउँपालिका |
| | (घ) बैंक तथा वित्तीय संस्था वा सहकारी संस्थाबाट कर्जा प्रवाह गर्दा लिएको धितो लिलाम गर्दा व्यक्तिले सकार नगरी ऋणीकै नामबाट वैक वित्तीय संघ वा सहकारी संस्थाले आफ्नो नाउँमा दाखिल खारेज गर्दा प्रति मिसिल | रू.१५,०००/- | रू. १०,०००/- | रू. ५,०००/- |
| | (ङ) बैंक तथा वित्तीय संस्था वा सहकारी संस्थाले कर्जा प्रवाह गर्दा लिएको धितो लिलाममा बैंक तथा वित्तीय संस्था आफैले सकार गरेपछि सम्बन्धित ऋणीलाई नै फिर्ता गर्दा पारित गर्ने लिखतको थैली अङ्कमा | २.५% | २% | १% |
| | (अ) भूमिसुधार तथा मालपोत कार्यालयबाट जग्गा बाँडफाँट भई दाखिल खारेज हुन आउँदा प्रति मिसिल | रू. ५००/- | रू. ३००/- | रू. २००/- |

| क्र.सं. | विवरण | सेवा शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | |
|---|---|---|---|---|
| | | महानगर/ उपमहानगरपालिका | नगरपालिका | गाउँपालिका |
| | (आ) अदालत वा न्यायिक निकायको फैसला बमोजिम लिलाम बढाबढ गरी दाखिल खारेज गर्दा प्रति मिसिल | रू.५,०००/- | रू. १,०००/- | रू. ५००/- |
| | (च) शेषपछिको बकसपत्रको दाखिल खारेज | | | |
| | (अ) तीनपुस्ता भित्रको भए | सबै क्षेत्रका लागि अंशबण्डा सरह | | |
| | (आ) तीनपुस्ता बाहिरको भए | सबै क्षेत्रका लागि राजीनामा सरह | | |
| ६. | <u>नामसारी</u> | | | |
| | (क) तीनपुस्ता भित्रको नामसारी | रू.५,०००/- | रू. ३,०००/- | रू.१,५०० /- |
| | (ख) तीनपुस्ता भन्दा बाहिरको नामसारी | रू.१५,०००/ - | रू. १०,०००/- | रू. ५,०००/- |
| | <u>द्रष्टव्यः</u> तीन पुस्ताभित्र वा बाहिरको अचल सम्पत्ति ३५ दिनभित्र मृतकका नामको घरजग्गा हकवालाले नामसारी गरी लिनुपर्नेछ र सो पश्चात नामसारी दाखिला खारेज माग गर्न आएमा लिइने शुल्कमा रु १०० थप शुल्क लिई नामसारी गर्ने | | | |
| ७. | <u>हाल साविकः</u> पुनः नापजाँच पछिको श्रेस्ता हाल साविक तथा | रू. १,०००/- | रू. ५००/- | रू. २००/- |

| क.सं. | विवरण | सेवा शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | |
|---|---|---|---|---|
| | | महानगर/ उपमहानगरपालिका | नगरपालिका | गाउँपालिका |
| | अद्यावधिक गर्दा तथा अदालत , मालपोत कार्यालय वा कुनै आयोग समेतको फैसला वा निर्णय भई कायम हुन आउने प्रति जग्गा धनी श्रेस्ताको प्रति मिसिल | | | |
| ८. | <u>**घर कायमः**</u> श्रेस्ता पूर्जामा घर जनाउने प्रति निवेदनमा | रू.२,५००/- | रू. २,०००/- | रू. ५००/- |
| ९. | <u>**घर पाताल:**</u> घर पाताल गर्दा प्रति मिसिल | रू.१,०००/- | रू.१,०००/- | रू.१,००० /- |
| १०. | <u>**कित्ता एकिकृत:**</u> कित्ता एकिकृत गर्दा प्रति मिसिल | रू.१,०००/- | रू.१,०००/- | रू.१,००० /- |
| ११. | <u>**संशोधन शुल्कः**</u> मालपोत ऐन, २०३४ को दफा ७(३) अनुसारको विवरणमा संशोधन गर्नु पर्दा प्रति मिसिल | रू. ५००/- | रू. ३००/- | रू. २००/- |
| १२. | <u>**रोक्का शुल्कः**</u> | | | |

<table>
<tr><th rowspan="2">क्र.सं.</th><th rowspan="2">विवरण</th><th colspan="3">सेवा शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा</th></tr>
<tr><th>महानगर/ उपमहानगरपालिका</th><th>नगरपालिका</th><th>गाउँपालिका</th></tr>
<tr><td></td><td>(क) लिखत रजिष्ट्रेशन भएकोमा (थैली अङ्क जतिसुकै भएपनि)</td><td>नलाग्ने</td><td>नलाग्ने</td><td>नलाग्ने</td></tr>
<tr><td></td><td>(ख) लिखत रजिष्ट्रेशन नहुनेमा</td><td colspan="3"></td></tr>
<tr><td></td><td>१. रू. ५ लाखसम्मको ऋण अङ्कमा-</td><td>रू. ५००/-</td><td>रू. ३००/-</td><td>रू. २००/-</td></tr>
<tr><td></td><td>२. रू. ५ लाखभन्दा बढी रु १५ लाखसम्मको ऋण अङ्कमा-</td><td>रू. १०००/-</td><td>रू. ७००/-</td><td>रू. ५००/-</td></tr>
<tr><td></td><td>३. रू. १५ लाखभन्दा बढी रु ५० लाखसम्मको ऋण अङ्कमा-</td><td>रू. २०००/-</td><td>रू. १५००/-</td><td>रू.१२००/-</td></tr>
<tr><td></td><td>४. रू. ५० लाखभन्दा बढी जतिसुकै ऋण अङ्कमा-</td><td>रू. ३०००/-</td><td>रू. २५००/-</td><td>रू. ५००/-</td></tr>
<tr><td></td><td>५. ऋण अङ्क नखुलेकोमा-</td><td>रू.१००००/-</td><td>रू. ७०००/-</td><td>रू.५०००/-</td></tr>
</table>

**ग. विविधः**

१. अधिकारनामा र शेषपछिको बकसपत्र लिखत बाहेक अन्य सबै प्रकारको लिखतमा थैली अङ्क खुलाउनु पर्नेछ।

२. जलविद्युत, उद्योग, चिया खेती, कफी खेती, कपास खेती, पुष्प व्यवसाय, तरकारी खेती, पशुपंक्षीपालन, अलैंची खेती, अदुवा खेती, जडिबुटी खेती एवं फलफूल खेती उद्योगको नाममा खरिद गर्ने जग्गाको लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेशन शुल्कमा ५० प्रतिशत छुट हुनेछ। सम्बन्धित कार्य गर्ने उद्योग हो भनी सम्बन्धित स्थानीय तहको राजस्व परामर्श समितिको सिफारिसमा कार्यपालिकाको बैठकले छुट दिने सम्बन्धी गरेको निर्णयको प्रतिलिपी पेश गर्नुपर्ने छ तर त्यस्तो जग्गाको प्रयोग उद्देश्य विपरित भएको पाइएमा मालपोत कार्यालयले छुट भएको रजिष्ट्रेशन शुल्क असूल गरी सोही रकम बराबर जरिबाना गर्नु पर्नेछ।

३. सामुहिक खेती योजना अन्तर्गत कृषि उत्पादन बढाउने उद्देश्यले व्यक्तिहरू मिली जग्गाको चक्ला मिलाई खेती गर्ने उद्योग खोली त्यस्तो उद्योगको नाममा लिखत पारित भएमा सो मा लाग्ने रजिष्ट्रेशन दस्तुरमा ५० प्रतिशत छुट हुनेछ। तर त्यस्तो जग्गाको प्रयोग उद्देश्य विपरित भएको पाइएमा मालपोत कार्यालयले छुट भएको रजिष्ट्रेशन शुल्क असूल गरी सोही रकम बराबर जरिबाना गर्नुपर्नेछ।

४. प्रदेशभित्र सूर्ती, चुरोट, खैनी, गुट्खा, पानपराग, प्लाष्टिक र मदिराजन्य उद्योग बाहेकका उत्पादनमूलक उद्योगले उद्योग स्थापना तथा सञ्चालन गर्न उद्योगको नाममा खरिद गर्ने जग्गाको लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेशन शुल्कमा २५ प्रतिशत छुट हुनेछ। तर त्यस्तो जग्गाको प्रयोग उद्देश्य विपरित भएको पाइएमा सम्बन्धित मालपोत कार्यालयले छुट भएको रजिष्ट्रेशन शुल्क असूल गरी सोही रकम बराबर जरिबाना गर्नुपर्नेछ।

५. प्रदेशभित्र कर्मचारी सञ्चयकोष तथा नागरिक लगानी कोषले नियमित बचत जम्मा गर्ने आफ्ना सञ्चयकर्ताहरूलाई ऋण सुविधा उपलव्ध गराउँदा लिने धितोको धितो बन्धक लिखत पारित गर्दा सेवा शुल्क रू १०००/- मात्र लाग्नेछ।

६. सहकारी ऐन, २०७४ वमोजिम दर्ता भई सञ्चालनमा रहेका सहकारी संस्थाहरूले आफ्ना शेयर सदस्यहरूबिच ऋण लगानी प्रवाह गर्दा एक आर्थिक वर्षमा एकपटक एका घरपरिवारभित्रका कुनै एक सेयर सदस्यलाई मात्र रू. ३० लाख रूपैयाँसम्मको थैली अङ्कमा रोक्का शुल्क वाहेक सेवा शुल्क छुट हुनेछ। सो भन्दा

माथिको थैली अङ्कमा खण्ड (ख) सेवा शुल्क महलको क्रम संख्या २ वमोजिमको सेवा शुल्क लाग्नेछ। तर बचत तथा ऋण सहकारी संस्थाहरुले भने यो छुट पाउनेछैनन्। सहकारी संस्थाले सदस्यलाई ऋण लगानी गर्दा कार्यक्षेत्रभन्दा बाहिरको घरजग्गा पनि धितोको रूपमा राख्नसक्नेछ।

७. जनयुद्ध, जनआन्दोलन र मधेश आन्दोलनमा सहादत प्राप्त गरेका शहीद र बेपत्ता भएका योद्धाका आश्रित पति, पत्नी, छोरा र छोरी तथा माता–पिताको नाममा स्वामित्व प्राप्त हुने गरी पारित हुने लिखतमा यस ऐन बमोजिम लाग्ने सबै प्रकारको शुल्क पूर्ण रूपमा छुट हुनेछ।

८. अपाङ्गता भएका व्यक्ति, दलित एवम् पिछडिएका जाति भनी स्थानीय तहबाट प्रमाणित भएको सिफारिस वा आधिकारिक प्रमाणको आधारमा तिनीहरूको नाममा स्वामित्व प्राप्त हुँदा रू. ३० लाखसम्मको थैली अङ्कमा एक पटकको लागि यस ऐन वमोजिम असुल गरिने घर जग्गा रजिष्ट्रेशन शुल्कमा २५ प्रतिशत छुट हुनेछ।

९. महिला, सत्तरी वर्षभन्दा बढी उमेरका ज्येष्ठ नागरिक र नाबालकको नाममा जुनसुकै प्रकारबाट स्वामित्व प्राप्त हुने गरी पारित हुने लिखतमा यस ऐन बमोजिम लगाइएको रजिष्ट्रेशन शुल्कमा २५ प्रतिशत छुट हुनेछ। तर एकल महिलाको हकमा भने ३५ प्रतिशत छुट हुनेछ। देहायमा उल्लिखित गाउँपालिकाको हकमा ५०% छुट हुनेछ :

(अ) मनाङ जिल्लाको नार्पा भूमि, नासौं, मनाङ ङिस्याङ गाउँपालिका,

(आ) मुस्ताङ जिल्लाको थासाङ, लो घेकर दामोदरकुण्ड, लोमान्थाङ, वारागुङ मुक्तिक्षेत्र गाउँपालिका,

(इ) गोरखा जिल्लाको चुमनुब्री गाउँपालिका,

१०. हाल पति वा पत्नीको नाममा कायम रहेको घर जग्गाको स्वामित्व परिवर्तन गरी पति–पत्नी दुवैको संयुक्त स्वामित्वको रूपमा लिखत गर्न चाहेमा सो सगोलनामाको लिखतमा रू.१००/- मात्र रजिष्ट्रेशन शुल्क लाग्नेछ।

११. ३०० जना भन्दा बढी व्यक्तिलाई प्रत्यक्ष रोजगारी दिने उत्पादनमूलक उद्योग स्थापना गर्न वा विस्तार गर्नका लागि जग्गा खरिद गर्दा लाग्ने रजिष्ट्रेशन शुल्कको लिखतमा पूर्ण छुट दिइनेछ। तर त्यस्तो जग्गाको प्रयोग उद्देश्य विपरित भएको पाइएमा मालपोत कार्यालयले छुट भएको रजिष्ट्रेशन शुल्क असुल गरी सोही रकम बराबर

जरिबाना गर्नु पर्नेछ। यस सुविधा प्राप्त गर्नको लागि प्रदेश सरकार, अर्थ मन्त्रालय र पर्यटन, उद्योग तथा वाणिज्य मन्त्रालयको सिफारिस र उद्योगको विस्तृत योजना पेश गर्नु पर्नेछ।

१२. भूमिहीन, मुक्त कमैया र मुक्त हलिया परिवारले सहुलियतपूर्ण ऋण र अनुदान प्राप्त गरी खरिद गरेको जग्गाको लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र रोक्का शुल्क पूर्ण रूपमा छुट हुनेछ।

१३. बैंक तथा वित्तीय संस्था एवं सहकारी संस्था र अदालतबाट भएको मिलापत्र अनुसार दाखिल खारेज गर्दा सेवा शुल्क असुल गर्ने प्रयोजनको लागि मालपोत कार्यालयले रजिष्ट्रेशन प्रयोजनको लागि तोकेको न्यूनतम मूल्य र मिलापत्र वा बैंक तथा वित्तीय संस्था एवं सहकारी संस्थाको पत्रमा उल्लेख भएको मूल्य मध्ये जुन बढी हुन्छ सोही मूल्यलाई कायम गर्नु पर्नेछ।

१४. प्रदेशभित्र यो ऐन लागु हुँदाका वखत प्रदेश वा स्थानीय तहबाट घोषणा भएका वा यस पछि घोषणा हुने नगरपालिकाको हकमा त्यस्ता नगरपालिकाको नाम र क्षेत्र निर्धारण गरी प्रदेश सरकार वा स्थानीय तहले राजपत्रमा सूचना प्रकाशित गरेको मितिदेखि यस अनुसूची बमोजिमको घर जग्गा रजिष्ट्रेशन शुल्क र सेवा शुल्क लाग्नेछ।

१५. सहकारी ऐन, २०७४ अन्तर्गत दर्ता भएका सहकारी संस्थाहरूलाई संस्थाको प्रयोजनको लागि मात्र पहाडी क्षेत्रमा २ रोपनी, तराई र भित्री मधेशमा ३ कठ्ठासम्म जग्गा र भवन खरिद गर्दा प्रदेश अन्तर्गतका सहकारी रजिष्ट्रारको कार्यालय/दर्ता गर्ने निकायको सिफारिसमा लाग्ने रजिष्ट्रेशन शुल्कमा ५० प्रतिशत छुट हुनेछ। त्यस्ता सहकारी संस्थाले रजिष्ट्रेशन शुल्क छुट सुविधामा खरिद गरेको जग्गा तथा भवन संस्था गाभिएको वा विघटन भएको अवस्थामा बाहेक बिक्री गरेमा पहिले छुट दिएको रजिष्ट्रेशन शुल्क असूल गरिनेछ। तर बचत तथा ऋण सहकारी संस्थाको हकमा यो छुट लागु हुने छैन।

१६. क्रम संख्या ७, ८, ९, १०, ११ र १२ बमोजिम छुट दिंदा एकै व्यक्तिलाई एकभन्दा बढी आधारमा छुट पाउने भएमा सबैभन्दा बढी कुनै एकमात्र छुट दिइने छ।

१७. एउटै कारोबारबाट १० लाख रूपैयाँ वा सोभन्दा माथिको घर वा जग्गा खरिद बिक्री गर्दा क्रेताले बैंकबाट भुक्तानीको लागि योग्य (गुड फर पेमेन्ट) भनि छाप लागेको

चेकको फोटोकपी पेश गरेपछि वा बिक्रेताका नाममा बैंकमा रहेको खातामा रकम जम्मा गरेको बैंक भौचरको फोटोकपी पेश गरेपछि मात्र मालपोत कार्यालयले लिखत पारित गर्नु पर्नेछ।

१८. पति पत्नीको संयुक्त नाममा पारित हुने लिखतमा महिला सरह रजिष्ट्रेशन शुल्क छुट दिइनेछ।

१९. अंशबण्डा पश्चात तीन पुस्ताभित्र छोरा-छोरी र दुबैपट्टिका नाती-नातिनीहरूमा संयुक्त अपुताली नामसारी भएको जग्गा दर्ताफारी गर्दा अनुसूची- १ क(२) बमोजिम शुल्क लाग्ने छ।

२०. नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तह अन्तर्गत कुनै एक निकायको नाममा रहेको जग्गा नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तह वा सो अन्तर्गतको अन्य निकायको नाममा रजिष्ट्रेशन वा दाखिल खारेज गर्नुपर्दा रजिष्ट्रेशन शुल्क तथा सेवा शुल्क लाग्ने छैन।

२१. कुनै व्यक्तिको स्वामित्वमा रहेको जग्गा नेपाल सरकार वा प्रदेश वा स्थानीय सरकारको कुनै निकायलाई निःशुल्क रूपमा प्राप्त भएमा वा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकार वा सरकारको कुनै पनि निकायले खरिद गरी लिएमा सोमा रजिष्ट्रेशन शुल्क तथा सेवा शुल्क लाग्ने छैन।

२२. मालपोत कार्यालयले घरजग्गा रजिष्ट्रेशनबाट सङ्कलन गरेको राजस्व मध्ये दुई प्रतिशत रकम प्रदेश सञ्चित कोषमा जम्मा गरी बाँकी रहेको मध्ये ६० प्रतिशत सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा र ४० प्रतिशत प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्नेछ र अन्य शीर्षक (पुँजीगत लाभ करबाहेक) बाट सङ्कलन गरेको पुरै रकम प्रदेश सञ्चित कोषमा दाखिल गर्नुपर्नेछ। उक्त दुई प्रतिशत रकम मालपोत कार्यालयको पूर्वाधार विकासका लागि प्रयोग गरिनेछ।

२३. क्रम संख्या २, ३ र ४ बमोजिमका लिखत पारित गर्दा राजस्व छुट लिने प्रयोजनका लागि उद्योग/व्यवसाय/आयोजना दर्ताको प्रमाण पत्रका साथै कृषि र पशुपालन उद्योग/व्यवसाय/आयोजना सम्बन्धीको हकमा सम्बन्धित स्थानीय तहको सिफारिश र अन्य उद्योग/व्यवसाय/आयोजनाको हकमा सेवा सञ्चालन गर्ने सम्बन्धित प्रदेश मन्त्रालयको सहमति पेश गर्नुपर्नेछ।

२४. अनुसूची १ (ग) बमोजिम छुट दिइएको विवरण सम्बन्धित मालपोत कार्यालयले महिना समाप्त भएको पन्ध्र दिनभित्र प्रदेश सरकार, अर्थ मन्त्रालयमा पठाउनु पर्नेछ।

२५. शेषपछिको बकसपत्र रजिष्ट्रेशन गर्ने व्यक्तिको मृत्यु पश्चात लिखत बमोजिम अचल सम्पत्ति शेष पछिको बकस पाउने व्यक्तिले छ महिना भित्र दाखिला खारेज गरी लिनुपर्नेछ। सो म्याद नघाई दाखिला खारेज गर्न आएमा प्रत्येक वर्षको रु ५०० थप दस्तुर लिइनेछ।

२६. हालैको बकसपत्रको हकमा सम्बन्धित स्थानीय तहको वडा कार्यालयबाट नाता प्रमाणित गरेको प्रमाण पेश गर्नुपर्नेछ।

२७. एउटै आर्थिक वर्षभित्र घर जग्गाको खरिद गर्दा रजिष्ट्रेशन लिखतमा कायम गरिएको थैली अङ्कको रकमभन्दा बैंक तथा वित्तीय संघ संस्थाबाट वित्तीय धितो कारोबारमा राखिने थैली अङ्कको रकम बढी राखी वित्तीय कारोबार गरिने भएमा खरिद गर्दा रजिष्ट्रेशन लिखितमा नपुग हुने थैली रकमको रजिष्ट्रेशन दस्तुर असुल गरिनेछ।

## अनुसूची – २

(दफा ३ सँग सम्बन्धित)

**सवारी साधन कर, सवारीचालक अनुमतिपत्र, बाटो इजाजत पत्र दस्तुर तथा आवेदन दस्तुर**

### क. सवारी साधन कर

| | |
|---|---|
| **१. निजी सवारी साधनमा देहाय बमोजिम सवारी साधन कर लाग्नेछः-** | |
| **सवारीको किसिम** | |
| **(क) कार, जीप, भ्यान, माइक्रो बस** | **वार्षिक कर दर (रू.)** |
| (अ) १००० सी.सी. सम्म | २२,०००/– |
| (आ) १००१ देखि १५०० सी.सी. सम्म | २५,०००/– |
| (इ) १५०१ सी.सी. देखि २००० सी.सी. सम्म | २७,०००/– |
| (ई) २००१ सी.सी. देखि २५०० सी.सी. सम्म | ३७,०००/– |
| (उ) २५०१ सी.सी. देखि ३००० सी.सी. सम्म | ५०,०००/– |
| (ऊ) ३००१ सी.सी. देखि ३५०० सी.सी. सम्म | ६०,०००/– |
| (ऋ) ३५०० सी.सी. देखि माथि सबै | ६५,०००/– |
| **(ख) डोजर, एक्साभेटर, लोडर, रोलर, ट्रिपर, क्रेन जस्ता मेशिनरी उपकरण र मिनीटिपर** | |
| (अ) डोजर, एक्साभेटर, लोडर, रोलर, क्रेन जस्ता मेशिनरी उपकरण | ४०,०००/– |
| (आ) ट्रिपर | ४२,०००/– |
| (इ) मिनीट्रिपर | ३०,०००/– |

| | |
|---|---|
| **(ग) थ्री ह्वीलर, टेम्पो, ट्रयाक्टर र पावर टिलर** | |
| (अ) अटो रिक्सा,थ्री ह्वीलर र टेम्पो | ६,०००/– |
| (आ) ट्रयाक्टर | ७,०००/– |
| (इ) पावर टिलर | ४,५००/– |
| **(घ) मिनिट्रक/मिनिबस** | २७,०००/– |
| **(ङ) ट्रक र बस** | ३५,०००/– |
| **(च) तेल टयांकर, ग्याँस बुलेट** | ३५,०००/- |
| **(छ) मोटर साइकल तथा स्कुटर** | |
| (अ) १२५ सी.सी. सम्मको | ३,०००/– |
| (आ) १२५ सी.सी भन्दा माथि १५० सी.सी. सम्म | ५,०००/– |
| (इ) १५० सी.सी भन्दा माथि २२५ सी.सी. सम्म | ६,५००/– |
| (ई) २२५ सी.सी भन्दा माथि ४०० सी.सी. सम्म | ११,०००/– |
| (उ) ४०० सी.सी भन्दा माथि ६५० सी.सी. सम्म | २०,०००/– |
| (उ) ६५० सी.सी भन्दा माथि सबै | ३०,०००/– |
| **(ज) विद्युतीय सवारी साधन** | |
| (अ) मोटरसाईकल/स्कुटर | |
| (१) ३५० वाट देखि १००० वाट सम्म | १०००।- |
| (२) १००० वाट भन्दा माथि देखि १५०० वाट सम्म | १५००।- |

| | |
|---|---|
| (३) १५०० वाट भन्दा माथि सबै | २,०००।- |
| (आ) कार जीप भ्यान माइक्रोबस र बस | |
| (१) ५० किलोवाट भन्दा माथि १२५ किलोवाट सम्म | १०,०००।- |
| (२) १२५ किलोवाट भन्दा माथि २०० किलोवाट सम्म | १५,०००।- |
| (३) २०० किलोवाट भन्दा माथि सबै | २०,०००।- |
| **२. भाडामा दर्ता भएका सवारी साधनमा देहाय बमोजिम सवारी साधन कर लाग्नेछः** | |
| **सवारीको किसिम** | |
| **(क) कार, जिप, भ्यान, माइक्रो बस** | **वार्षिक कर दर (रू)** |
| (अ) १००० सि.सि.सम्म | ११,०००।- |
| (आ) १००० सि.सि. भन्दा माथि १५०० सि.सि.सम्म | १२,५००।- |
| (इ) १५०० सि.सि. भन्दा माथि २००० सि.सि.सम्म | १३,५००।- |
| (ई) २००० सि.सि. भन्दा माथि २५०० सि.सि.सम्म | १४,५००।- |
| (उ) २५०० सि.सि. भन्दा माथि ३००० सि.सि.सम्म | १६,५००।- |
| (ऊ) ३००० सि.सि. भन्दा माथि ३५०० सि.सि.सम्म | १७,५००।- |
| (ऋ) ३५०० सि.सि. भन्दा माथि ४००० सि.सि.सम्म | १९,०००।- |
| (ए) ४००० सि.सि. भन्दा माथि सबै | २२,०००।- |
| **(ख) डोजर, एक्साभेटर, लोडर, रोलर, ट्रिपर, मिनी ट्रिपर, क्रेन जस्ता मेशिनरी उपकरण** | २१,०००/- |

| | |
|---|---|
| **(ग) थ्री ह्वीलर र टेम्पो** | ६,०००/- |
| **(घ) ट्र्याक्टर** | ६,०००/- |
| **(ङ) पावर टिलर** | ४,५००/- |
| (च) मिनीट्रक, मिनीबस | १५,०००/- |
| (छ) ट्रक, बस र पानी ट्यांकर | २०,०००/- |
| (झ) तेल ट्यांकर, ग्याँस बुलेट | २२,०००/- |
| **३. सवारी साधन दर्ता सरुवा सहमतिका लागि लाग्ने दस्तुर** | |
| (क) दुई पाङ्ग्रे सवारी साधन | १,०००/- |
| (ख) साना सवारी साधन (कार ,जीप, भ्यान) | ३,०००/- |
| (ख) ठूला सवारी साधन (बस ट्रक र अन्य) | ५,०००/- |

३. नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारका नाममा दर्ता भएका सवारी साधनहरूलाई भाडामा दर्ता भएका सवारी साधनमा लाग्ने सरह कर तथा जाँचपास शुल्क लाग्नेछ। तर सामुदायिक विद्यालयको नाममा दर्ता भएको सवारी साधनमा भाडामा दर्ता भएका सवारी साधन करमा लाग्ने करमा पचास प्रतिशत छुट हुनेछ।

४. सुरू पैठारी मितिले एक वर्षभन्दा कम अवधि भएमा दामासाहीले सवारी साधन कर कट्टा गरिनेछ। तर व्यापार मौज्दातमा रहेका सवारी साधनमा यस्तो कर लाग्ने छैन।

५. सवारी साधन बिग्रेको वा अन्य कुनै कारणबाट सो सवारी साधन चलाउन नपाएको भनी संघ, प्रदेश र स्थानीय तहले ठहऱ्याएको कुनै व्यक्ति वा संस्थाको नाममा दर्ता भएको सवारी साधनलाई सवारी साधन सञ्चालन नगरेको अवधिको सवारी साधन कर लाग्ने छैन।

६. भाडाका बस, मिनीबस तथा माइक्रोबसका सवारी साधनले विद्यार्थीलाई सहुलियतको रूपमा भाडामा छुट दिए बापत त्यस्ता सवारी साधनका धनीले तिर्नु पर्ने सवारी साधन करमा तेत्तिस प्रतिशत छुट पाउनेछन्।

७. जुनसुकै सवारी साधनका धनीले लाग्ने सवारी साधन कर प्रचलित दरका आधारमा एकमुष्ठ रूपमा २ वर्षसम्मका लागि एकैपटक भुक्तानी गरी नवीकरण गराउन सक्नेछन्। यसरी अग्रिम रूपमा २ वर्षको सवारी साधन कर एकमुष्ट बुझाई नवीकरण गराएमा लाग्ने सवारी साधन करमा १५ प्रतिशत छुट हुनेछ।

८. अन्य प्रदेशमा दर्ता भएका सवारी साधन धनीले यस प्रदेशबाट नवीकरण गर्न चाहेमा यस ऐन बमोजिम निर्धारण गरेको शुल्क बुझाई नवीकरण गर्न सक्नेछ।

९. सार्वजनिक संग्रहालयमा प्रदर्शनीका लागि राखिएका २० वर्षभन्दा पुराना सवारी साधनलाई वार्षिक तिर्नुपर्ने सवारी साधन कर लाग्ने छैन।

१०. क्रमसंख्या १ र २ मा जुनसुकै कुरा लेखिएको भए तापनि दमकल, एम्बुलेन्स तथा शव वाहनलाई सवारी साधन कर लाग्ने छैन।

११. दश लाख रूपैयाँ भन्दा बढीको सवारी साधन खरिद गर्दा सम्बन्धित सवारी साधन क्रेताले एकाउन्ट पेयी चेकबाट मात्र बिक्रेतालाई रकम भुक्तानी गर्नु पर्नेछ।

१२. अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्न मिल्ने गरी बनाईका १५० सी.सी. सम्मका स्कुटरमा सवारी साधन कर लाग्ने छैन।

१३. नेपाल सरकार, प्रदेश सरकार वा अन्तर्गतका निकायहरुले जफत गरी लिलाम बिक्री गरेको सवारी साधनको हकमा लिलाम प्रक्रिया समाप्त नभएसम्मको मिति भन्दा अगाडिको सवारी साधन कर लाग्ने छैन।

१४. प्रदेश सरकार मातहतका कार्यालयहरुमा कम्तीमा बीस वर्ष भन्दा बढी पुराना र बिग्रेर काम नलाग्ने भएका तथा मर्मत संभार गरेर सञ्चालन गर्न उपयुक्त नदेखिएका सरकारी सवारी साधनहरु लिलाम गरी हटाउने प्रयोजनका लागि सम्बन्धित कार्यालयबाट सिफारिस भई आएमा यातायात व्यवस्था कार्यालयमा लगत कट्टा गर्दा प्रदेश सरकार, अर्थ मन्त्रालयले बीस वर्ष पछाडिको अवधिको कर, दस्तुर र जरिबाना छुट दिन सक्नेछ।

१५. गण्डकी प्रदेश बाहेक अन्य प्रदेशमा दर्ता नवीकरण भएका सवारी साधन सम्वत् २०८० असार मसान्तसम्म गण्डकी प्रदेशमा स्थानान्तरण गर्न चाहेमा दर्ता शुल्कमा

७५ प्रतिशत र पहिलो वर्षको सवारी साधन कर र नवीकरण शुल्कमा ५० प्रतिशत छुट दिइनेछ।

१६. कुनै एक प्रयोजनको लागि दर्ता भएको सवारी साधन अर्को प्रयोजनका लागि प्रयोग भएमा प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७६ बमोजिम जरिबाना गरी असुल गरिनेछ।

१७. नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले जफत गरी लिलाम बिक्री गरेको सवारी साधनमा सो मिति भन्दा अगाडिको अवधिको यस्तो कर लाग्ने छैन।

१८. यस ऐन बमोजिम छुट सुविधा उपलब्ध गराउदा दुई वा सो भन्दा बढी छुट सुविधा पाउने अवस्था भएमा जुन शीर्षकमा सबैभन्दा बढी छुट सुविधा उल्लेख भएको छ सो मात्र छुट हुनेछ।

१९. यातायात व्यवस्था कार्यालय रहेको स्थान वा सदरमुकाम भन्दा टाढा वा दुर्गम स्थानमा रहेका डोजर, एक्साभेटर, लोडर, रोलर, ट्रिपर र क्रेन जस्ता मेशिनरी उपकरणहरुको प्राविधिक परीक्षण/जाँचपासका लागि आवश्यकता तथा मागका आधारमा डोर खटाएर सेवा दिन सक्नेछ। यसरी डोर सेवा प्रदान गरेबापत खण्ड ख (५) बमोजिम थप शुल्क लाग्नेछ।

२०. आर्थिक वर्ष २०६५/०६६ देखि २०७६/०७७ सम्म नियमानुसार सवारी साधन कर नबुझाएका र नवीकरण नगरेका सवारी साधनको सम्वत् २०७९ फागुन मसान्तसम्म सवारी साधन कर बुझाउन आएमा लाग्ने जरिबानामा छुट हुनेछ ।

२१. प्रचलित कानून विपरीत ट्राफिक नियम उल्लङ्घन गरे बापत ट्राफिक प्रहरीले सवारी धनीसँग असुल गर्ने दण्ड जरिबाना बापतको रकम गण्डकी प्रदेश भित्रका ट्राफिक प्रहरी कार्यालयले प्रदेशको सञ्चित कोषमा जम्मा गर्नुपर्नेछ।

२२. गण्डकी प्रदेशमा दर्ता भएका सवारी साधनमा इम्बोस्ड नम्बर प्लेट जडान गरेको शुल्क प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्नेछ।

२३. सवारी साधन धनीले सवारी साधन कर बुझाएको मितिमा नै नवीकरण दस्तुर समेत बुझाई एक वर्षको लागि नवीकरण गर्नुपर्नेछ।

**ख. सवारी चालक आवेदन दस्तुर, अनुमतिपत्र र नवीकरण दस्तुरः**

| **१. सवारी चालक आवेदन दस्तुर, अनुमतिपत्र र नवीकरण दस्तुर** |
|---|

| सवारीको किसिम/वर्ग | आवेदन दस्तुर (रू.) | सवारी चालक अनुमतिपत्र दस्तुर (रू.) | नवीकरण दस्तुर (रू.) |
|---|---|---|---|
| मोटर साईकल/स्कुटर/ मोपेड | ५००/- | १,५००/- | १,५००/- |
| कार, जीप, पावर ट्रेलर र डेलिभरी भेन | ५००/- | २,०००/- | २,०००/- |
| टेक्टर | ५००/- | २,५००/- | २,५००/- |
| मिनीबस/ट्रक | ५००/- | ५००/- | २,५००/- |
| ट्रक/बस,लहरी | ५००/- | १,०००/- | ३,०००/- |
| H1,H2,H3,I1,I2,I3, J1,J2,J3,J4,J5 | ५००/- | ३,०००/- | ३,०००/- |
| H1,H2,H3,I1,I2,I3, J1,J2,J3,J4,J5 | ५००/- | १,०००/- | ३,०००/- |
| प्रमाणीकरण | १,५००/- | | |

एउटै दरखास्तबाट इजाजतको लागि एकभन्दा बढी किसिमका सवारी चलाउन दरखास्त दिन चाहेको हकमा जति किसिमको सवारी चलाउने इजाजतको लागि दरखास्त दिएको हो सोको छुट्टाछुट्टै दस्तुर लाग्नेछ।

**२.तोकिएको निश्चित बाटो (रूट) वा क्षेत्रभित्र सञ्चालनार्थ लाग्ने वार्षिक बाटो (रुट) इजाजत दस्तुरः**

| क्र. स. | सवारीको वर्गीकरण | प्रदेश भर (रू.) | एक जिल्ला भर (रू.) | पोखरा उपत्यका भर (रू.) |
|---|---|---|---|---|
| १ | १४ सिट वा सो भन्दा मुनिका (मिटरवाला बाहेक) हलुका सवारी र एक टनसम्म क्षमता भएका ट्याक्टर, पावरटिलर | २,५००/- | २,०००/- | १,७००/- |
| २ | मिटर भएको ट्याक्सी | २,०००/- | १,७००/- | १,५००/- |
| ३ | मिटर भएको ट्याम्पो | १,०००/- | | |

| ३. वार्षिक बाटो इजाजत पत्र दस्तुर र नवीकरण (पाँच सिटदेखि चौध सिटसम्म क्षमता भएको सार्वजनिक सवारी साधनलाई मात्र लाग्ने) | | |
|---|---|---|
| **क्र.सं.** | **बाटो दुरी (कि.मी.)** | **बाटो इजाजत दस्तुर (रू.)** |
| १ | १ देखि ५० कि.मि.सम्म | १,४००/- |
| २ | ५१ देखि १०० कि.मि.सम्म | १,७००/- |
| ३ | १०१ देखि १५० कि.मि.सम्म | २,०००/- |
| ४ | १५१ देखि २५० कि.मि.सम्म | २,४००/- |
| ५ | २५१ देखि ३०० कि.मि.सम्म | ३,०००/- |

| ४. वार्षिक बाटो इजाजत पत्र दस्तुर र नवीकरण (सार्वजनिक सवारी साधनलाई मात्र लाग्ने) | | | |
|---|---|---|---|
| क्र.स. | बाटो दुरी (कि.मि) | सवारीको वर्गीकरण र दस्तुर | |
| | | ठूला र मझौला बस मिनिवस आदि (रू.) | ठूला र मझौला ट्रक मिनिट्रक आदि (रू.) |
| १ | १ देखि ५० कि.मि.सम्म | १७००/- | २०००/- |
| २ | ५१ देखि १०० कि.मि.सम्म | २,०००/- | २३००/- |
| ३ | १०१ देखि १५० कि.मि.सम्म | २,७००/- | ३०००/- |
| ४ | १५१ देखि २०० कि.मि.सम्म | ३,०००/- | ३३००/- |
| ५ | २०१ देखि २५० कि.मि.सम्म | ३,३००/- | ३६००/- |
| ६ | २५१ देखि ३०० कि.मि.सम्म | ३,९००/- | ४२००/- |
| ७ | ३०१ देखि ३५० कि.मि.सम्म | ४,२००/- | ४५००/- |
| ८ | ३५१ देखि ४०० कि.मि.सम्म | ४,५००/- | ४८००/- |
| ९ | ४०१ देखि ४५० कि.मि.सम्म | ५,०००/- | ५३००/- |
| १० | ४५१ देखि ५०० कि.मि.सम्म | ५,६००/- | ५,९००/- |
| ११ | ५०१ देखि ५५० कि.मि.सम्म | ६,३००/- | ६,६००/- |
| १२ | ५५१ देखि ६०० कि.मि.सम्म | ६,९००/- | ७,२००/- |
| १३ | ६०१ देखि ६५० कि.मि.सम्म | ७,५००/- | ७,८००/- |

| | | | |
|---|---|---|---|
| १४ | ६५१ देखि ७०० कि.मि.सम्म | ८,१००/- | ८,४००/- |
| १५ | ७०१ कि.मि.भन्दा माथि जतिसुकै | ९,३००/- | ९,६००/- |

५. **अर्धवार्षिक जाँचपास, प्रमाणपत्र तथा प्रदुषण स्टीकरको दस्तुर**

| **क सं** | **सवारी वर्गीकरण** | **दस्तुर रू.** |
|---|---|---|
| १ | ठूला सवारी | ५००/- |
| २ | मझौला सवारी र साना सवारी | ४००/- |
| ३ | प्रदुषण स्टीकर दस्तुर | १००/- |
| ४ | डोर मुकाम दस्तुर तराईमा रु. २०००/- पहाडमा रु. ३०००/- र हिमालमा रु. ६०००/- | |

६. **सवारी साधन दर्ता र सवारी सरुवा दर्ता दस्तुर**

| **क्र.सं.** | **सवारी वर्गीकरण** | **सवारीको किसिम** | **दस्तुर रु.** |
|---|---|---|---|
| १ | ठूला सवारी | निजी | १,५००/- |
| | | सार्वजनिक | २,५००/- |
| २ | मझौला सवारी | निजी | १,०००/- |
| | | सार्वजनिक | १,५००/- |
| ३ | साना सवारी | क. कार, जीप, भ्यान, पिकअप, टेम्पो र पावरटिलर | |
| | | निजी | १,०००/- |
| | | सार्वजनिक | १,५००/- |
| | | ख. मोटर साइकल/स्कुटर | ५००/- |

## ७. सवारी साधन नामसारी सनाखत दस्तुर

| क्र.सं. | सवारीको वर्गीकरण | दस्तुर (रू) |
|---|---|---|
| १ | ठूला सवारी | १५००/- |
| २ | मझौला सवारी | १०००/- |
| ३ | साना सवारी | |
| | कार, जीप, भ्यान, पिकअप, टेम्पो, पावरटिलर | ८००/- |
| | मोटरसाइकल/स्कूटर | ५००/- |

एक कार्यालयबाट सनाखत गरी अर्को कार्यालयबाट सेवा प्रदान हुने भएमा उल्लेखित दस्तुरमा ५० प्रतिशत थप दस्तुर लाग्नेछ ।

**<u>स्पष्टीकरणः</u>** सनाखतको अवधि एक वर्षको लागि मान्य हुनेछ। सो अवधि पश्चात् प्रथम तीन महिनाको लागि १००० रुपैयाँ र सो अवधि पछि २००० रुपैयाँ जरिबाना लाग्नेछ।

## ८. सवारी साधनको अस्थायी दर्ता दस्तुर

| क्र.सं. | सवारी वर्गीकरण | सवारीको किसिम | दस्तुर (रू.) |
|---|---|---|---|
| १ | ठूला सवारी | निजी | १,०००/- |
| | | सार्वजनिक | १५००/- |
| २ | मझौला सवारी | निजी | ८००/- |
| | | सार्वजनिक | १२००/- |
| ३ | साना सवारी | | |
| | क. कार, जीप, भ्यान, पिकअप, टेम्पो र पावरटिलर | | |
| | | निजी | ५००/- |
| | | सार्वजनिक | १,०००/- |
| | ख. मोटर साइकल/स्कुटर | | |
| | | निजी | २००/- |
| | | सार्वजनिक | ३००/- |

**९. विदेशमा दर्ता भएको सवारी साधन चलाउने अनुमति पत्रको दस्तुरः**

| क.सं. | सवारी वर्गीकरण | दस्तुर (रू.) |
|---|---|---|
| १ | ठूला सवारी र मझौला सवारी | ३,०००/- |
| २ | साना सवारी | २,०००/- |

**१०. सवारी साधनको दर्ता प्रमाणपत्र नवीकरण दस्तुरः**

| क.सं. | सवारी वर्गीकरण | सवारीको किसिम | दस्तुर (रू.) |
|---|---|---|---|
| १ | ठूला सवारी | निजी | ६००/- |
| | | सार्वजनिक | १०००/- |
| २ | मझौला सवारी | निजी | ५००/- |
| | | सार्वजनिक | ७००/- |
| ३ | साना सवारी | | |
| | कार, जीप, भ्यान, पिकअप, टेम्पो र पावरटिलर | | |
| | | निजी | ४००/- |
| | | सार्वजनिक | ५००/- |
| | मोटर साइकल/स्कुटर | | ३००/- |

**११. सवारी साधनको नामसारी दस्तुरः**

| क.सं. | सवारी वर्गीकरण | सवारीको किसिम | दस्तुर (रू.) |
|---|---|---|---|
| १ | ठूला सवारी | निजी | १०००/- |
| | | सार्वजनिक | २०००/- |
| २ | मझौला सवारी | निजी | ८००/- |
| | | सार्वजनिक | १५००/- |
| ३ | साना सवारी | | |

| | | |
|---|---|---|
| | कार, जीप, भ्यान, पिकअप, टेम्पो र पावरटिलर | |
| | निजी | ८००/- |
| | सार्वजनिक | १,०००/- |
| | मोटरसाइकल/स्कुटर | |
| | निजी | ५००/- |
| | सार्वजनिक | ८००/- |

१२. **यातायात सेवाको नाम पञ्जिकरण दस्तुरः**

| **क्र.सं.** | **पुँजी** | **दस्तुर (रू.)** |
|---|---|---|
| १ | रू. १५ लाखसम्म | २,०००/- |
| २ | रू.१५ लाखदेखि रू. ५० लाखसम्म | ५,०००/- |
| ३ | रू. ५० लाखदेखि १ करोडसम्म | १०,०००/- |
| ४ | रु १ करोडभन्दा बढी जतिसुकै | १५,०००/- |

१३. **यातायात सेवा सञ्चालन गर्ने निकायको नवीकरण दस्तुरः**

| **क्र.सं.** | **पुँजी** | **दस्तुर** |
|---|---|---|
| १ | रू १५ लाखभन्दा कमको लागि | २,०००/- |
| २ | रू १५ लाखभन्दा बढी रू ५० लाखभन्दा कम | ५,०००/- |
| ३ | रू ५० लाखभन्दा बढी रू १ करोडभन्दा कम | १०,०००/- |
| ४ | रू १ करोडभन्दा बढी जतिसुकै भएपनि | १५,०००/- |

तर थप गर्न प्रति सवारी साधनः- साना सवारी रू ८००|-, मझौला सवारी रू १२००|- र ठूला सवारी साधन रू १८००|- लाग्नेछ।

१४. **यातायात सम्बन्धी प्रशिक्षण केन्द्र, कारखाना र वर्कसप सञ्चालन अनुमति पत्र दस्तुर र नवीकरण दस्तुरः**

| क्र.सं. | पुँजी | अनुमति पत्र दस्तुर | नवीकरण दस्तुर |
|---|---|---|---|
| १ | रू २ लाखभन्दा कमको लागि | १५००।- | १०००।- |
| २ | रू २ लाखभन्दा बढी रू ५ लाखभन्दा कम | २०००।- | १५००।- |
| ३ | रू ५ लाखभन्दा बढी रू १० लाखभन्दा कम | ३०००।- | २५००।- |
| ४ | रू १० लाखभन्दा बढी जतिसुकै भएपनि | ४५००।- | ४०००।- |

१५. **सवारी साधन बिक्री शोरुम र रिकन्डिशन हाउस सञ्चालन अनुमति पत्र दस्तुर र नवीकरण दस्तुरः**

| क्र. सं. | स्थिर पुँजी | अनुमति पत्र दस्तुर (रू.) | नवीकरण दस्तुर (रू.) |
|---|---|---|---|
| १ | तीन करोड रुपैयासम्म (साना उद्योग) | ७,०००/- | ३,५००/- |
| २ | तीन करोडदेखि दश करोड रुपैयासम्म (मझौला उद्योग) | १०,०००/- | ५,०००/- |
| ३ | दश करोड रुपैयादेखि माथि (ठूला उद्योग) | ३०,०००/- | १५,०००/- |

१६. **विदेशमा दर्ता भएका सवारी साधनलाई गण्डकी प्रदेशमा प्रवेश गर्दा लाग्ने बाटो (रुट) इजाजत दस्तुरः**

| क्र.सं. | सवारीको किसिम | सात दिनसम्म प्रतिदिन लाग्ने दस्तुर (रू.) | सात दिन भन्दा बढी प्रति दिन लाग्ने थप दस्तुर (रू.) |
|---|---|---|---|
| १ | साना सवारी साधन | ५००/- | १,०००/- |
| २ | मझौला सवारी साधन | १,५००/- | २,०००/- |
| ३ | ठुला सवारी साधन | ३,०००/- | ३,५००/- |

१७. पटके बाटो प्रति ५० कि.मि.को लागि इजाजत दस्तुर रू. १००/-, सवारी दर्ता प्रमाणपत्रको प्रतिलिपी दस्तुर रू. ५००/-, जाँचपास प्रमाणपत्रको प्रतिलिपी दस्तुर

रू. ५००/-, बाटो (रुट) प्रमाण पत्रको प्रतिलिपि दस्तुर रू. २००/-, प्रदुषण स्टिकर दस्तुर रू. १००/- र नेपालमा कायम भएको बाटोमा सञ्चालन गर्ने ठूला तथा मझौला, पर्यटक सवारी, संस्थानका सवारी र भाडाका ट्रकमा राष्ट्रव्यापी बाटो इजाजत (National Permit) दस्तुर वार्षिक रू. २०,०००/-लाग्नेछ।

१८. गण्डकी प्रदेश अन्तर्गत यातायात व्यवस्था कार्यालय र सेवा कार्यालय नभएका जिल्लाहरुमा जिल्लास्थित पूर्वाधार विकास कार्यालय वा प्रदेश सरकारले तोकेका अन्य प्रदेश कार्यालयहरुले नियमानुसार दस्तुर लिई अस्थायी पटके बाटो इजाजत (रुट परमिट) प्रदान गर्न सक्नेछन्। यसरी सङ्कलन गरिएको राजस्व रकम उक्त कार्यालयहरुले अभिलेख राखी रकम सङ्कलन भएको अर्को दिनभित्र प्रदेश लेखा नियन्त्रक कार्यालयले तोकेको वाणिज्य बैंकमा राजस्व रकम दाखिल गर्नुपर्नेछ।

१९. प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७६ दफा १०१ बमोजिम सवारी साधन जाँचपास प्रमाणपत्रको मान्यता छ महिनासम्मको लागि हुने व्यवस्था रहेकाले वार्षिक रुपमा बाटो इजाजत पत्र (रुट पर्मिट) नवीकरण गर्ने समयमा अनिवार्य रुपमा उक्त वर्षका दुवै पटकका जाँचपास प्रमाणपत्र पेश गर्नुपर्नेछ।

२०. नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहद्वारा सञ्चालित विद्युतीय सवारी साधन र भाडामा दर्ता भएका विद्युतीय सवारी साधनमा सवारी साधन कर लाग्ने छैन। पेट्रोलियम पदार्थ बाहेक अन्य इन्धनद्वारा सञ्चालन हुने सवारी साधनमा प्रचलित कानून बमोजिम लाग्ने सवारी साधन करमा बीस प्रतिशत छुट हुनेछ।

२१. सवारी साधनको भार वहन क्षमता र सडकको क्षमताभन्दा अधिक भार बोकेमा मालवाहक सवारीका सम्बन्धमा सुत्र ("अधिक भार जरिबाना = Over weight (ton) x Distance (km) x per km Rate".) का आधारमा तराईमा प्रति कि. मि. रू. ५ र पहाडमा प्रति कि.मि. रू. १० ले हुन आउने रकम हिसाब गरी जरिबाना गरिनेछ।

**अनुसूची-३**

(दफा ४ सँग सम्बन्धित)

**<u>मनोरञ्जन कर</u>**

| **क्र.सं.** | **शीर्षक** | **महानगरपालिका** | **नगरपालिका** | **गाउँपालिका** |
|---|---|---|---|---|
| १. | चलचित्र घर (टिकट मूल्य) | ५ प्रतिशत | ५ प्रतिशत | ५ प्रतिशत |
| २ | प्रवेश शुल्क लिई सञ्चालन गरिने मेला-महोत्सव, डान्सबार, क्यासिनो, पर्यटकिय होटल तथा रेष्टुरा, साउना तथा स्पा, मसाज सेन्टर, जिमखाना, सर्कस, कन्सर्ट, सांस्कृतिक कार्यक्रम, खेलकुद, प्रदर्शनी आदि। | ५ प्रतिशत | ५ प्रतिशत | ५ प्रतिशत |

## अनुसूची–४

(दफा ६ सँग सम्बन्धित)

## कृषि आयमा कर

१. वार्षिक १० लाख रूपैंयाँसम्मको आयमा कर लाग्ने छैन।

२. त्यसपछिको १० लाखदेखि २० लाख रूपैंयाँसम्मको आयमा १ प्रतिशतका दरले कर लाग्नेछ।

३. २० लाखभन्दा माथि जतिसुकै आय भए पनि २ प्रतिशतका दरले कर लाग्नेछ।

४. वार्षिक १० लाख रुपैयाँभन्दा बढीको प्रारम्भिक कृषि उपजबाट आय आर्जन गर्नेले आर्थिक वर्ष समाप्त भएको ३ महिनाभित्र सम्बन्धित केन्द्रमा स्वयम् कर घोषणा गरी आय विवरण र सोमा लाग्ने कर सहित पेश गर्नुपर्नेछ। यसरी पेश हुन आएका विवरण तथा कर दाखिला सम्बन्धी विवरण सम्बन्धित केन्द्रले अर्को महिनाको ३० गतेभित्र प्रदेश सरकार अर्थ मन्त्रालयमा पठाउनु पर्नेछ।

**अनुसूची–५**

(दफा ७ सँग सम्बन्धित)

**पर्यटन शुल्क**

| क्र.सं. | शीर्षक | दर |
|---|---|---|
| १. | प्राचिन स्मारक तथा पुरातात्त्विक सम्पदा र संग्रहालय | विदेशी तथा स्वदेशी पर्यटकलाई लाग्ने प्रवेश शुल्कको ५ प्रतिशत। |
| २. | पदमार्ग | सार्क मुलुकका पर्यटकका लागि यु.एस. डलर ५ वा सो बराबर परिवर्तीय नेपाली मुद्रा र अन्य मुलुकका पर्यटकका लागि यु.एस. डलर १० वा सो बराबर परिवर्तीय नेपाली मुद्रा।(पदमार्ग बापतको शुल्क सुरु मार्गको स्थानीय तहबाट सङ्कलन गरिनेछ ) |
| ३. | वन क्षेत्र तथा तालतलैया, गुफा, पार्क, पिकनिक स्थल, भ्यू टावर, संरक्षण क्षेत्र, शिकार आरक्ष | विदेशी तथा स्वदेशी पर्यटकलाई प्रवेश शुल्कको ५ प्रतिशत |
| ४. | पर्यटकीय हवाई चार्टर्ड उडान, प्याराग्लाण्डिङ, अल्ट्रालाइट, बञ्जीजम्पिङ्, केबलकार, जीपफ्लायर, रक क्लाइम्बिङ, नौका विहार र क्यानोनिङ | विदेशी तथा स्वदेशी पर्यटकलाई लाग्ने शुल्कको ५ प्रतिशत |
| ५. | पर्यटक सेवा शुल्क | प्रदेश सरकारले पर्यटक सेवा सूचना केन्द्र स्थापना गरी उपलब्ध गराउने सेवामा विदेशी पर्यटकको हकमा प्रति पर्यटक १ हजार |

| क्र.सं. | शीर्षक | दर |
| --- | --- | --- |
| | | रूपैयाँ र स्वदेशी पर्यटकलाई २ सय रूपैयाँका दरले सेवा शुल्क लाग्नेछ। |

**विविधः**

६. प्रचलित कानून बमोजिम दर्ता भई गण्डकी प्रदेशभित्र सञ्चालनमा रहेका ट्राभल तथा ट्रेकिङ एजेन्सीले नवीकरण गर्नुपर्ने म्याद समाप्त भएको मितिले पैतिस दिनभित्र तोकिएको दस्तुर तिरी आफ्नो इजाजतपत्र नवीकरण गरेमा थप दस्तुर लाग्नेछैन।

७. कोभिड १९ लगायत विविध कारणले म्याद समाप्त भएको छ महिनाभित्र आफ्नो इजाजत पत्र नवीकरण गराउन नसकी इजाजत पत्र स्वतः रद्द भएको भए इजाजत पत्र प्राप्त ट्राभल तथा ट्रेकिङ एजेन्सीले सम्वत २०७९ साल कार्तिक मसान्तभित्र सो इजाजत पत्र नवीकरण गराउन निवेदन दिएमा प्रचलित कानून बमोजिम लाग्ने नवीकरण शुल्क र सो शुल्कको शत प्रतिशत जरिबाना लिई एक पटकको लागि नवीकरण गर्न सकिनेछ। यसरी नवीकरण गरिने एजेन्सीको हकमा अविच्छिन्न वा निरन्तर बैंक ग्यारेन्टी आवश्यक नपर्ने तर नवीकरण गर्दाको बखत आगामी पाँच बर्षको लागि बैंक ग्यारेन्टी पेश गर्नुपर्नेछ।

## अनुसूची– ६
(दफा ८ सँग सम्बन्धित)

**प्राकृतिक स्रोत शुल्क**

| क्र.सं.. | शीर्षक | इकाई | दर (रू.) |
|---|---|---|---|
| १. | स्लेट ढुङ्गा, गिटी ढुङ्गा, चट्टान ढुङ्गा, कटिङ्ग ढुङ्गा, चिप्स, | प्रति क्यू. फिट | १० |
| २. | रोडा, गेग्रान, बालुवा | प्रति क्यू. फिट | ७ |
| ३. | इट्टा पार्ने माटो | प्रति क्यू. फिट | ३ |
| ४. | अन्य साधारण माटो | प्रति क्यू. फिट | २ |
| ५. | चुनढुङ्गा | प्रति क्यू. फिट | १२ |
| ६. | नदी तथा खोलाले बगाएर ल्याएको काठ | प्रति क्यू. फिट | ३०० |
| ७. | नदी तथा खोलाले बगाएर ल्याएको कुकाठ | प्रति क्यू. फिट | ५० |
| ८. | नदी तथा खोलाले बगाएर ल्याएको दाउरा जराजुरी | प्रति किलोग्राम | ४ |

(अ) ढुङ्गा, गिट्टी, बालुवा, क्रसर, इट्टा, स्लेट तथा चुनढुङ्गा उद्योग/व्यवसायहरू विधिपूर्वक दर्ता र नवीकरण गरी अनिवार्य रुपमा मूल्य अभिवृद्धि करमा समेत दर्ता भई कारोवार गरेको हुनुपर्नेछ। विभिन्न आयोजनाका नाममा खोलिएका यस्ता उद्योग/व्यवसायले सम्बन्धित आयोजनामा बाहेक अन्यत्र बिक्री वितरण गर्न पाउने छैन।

(आ) क्यू. फिट बाहेक अन्य इकाईमा कारोवार भएमा कारोवार भएको इकाईलाई क्यू. फिटमा परिवर्तन गरी गणना गर्न सकिनेछ।

प्रमाणीकरण मितिः-२०७९।०३।३१

आज्ञाले,
शम्भु राज रेग्मी
प्रदेश सरकारको सचिव

मुद्रकः गण्डकी प्रदेश सरकार, कानून, सञ्चार तथा प्रदेश सभा मामिला मन्त्रालय। मूल्य रु.५०।-